# खार्पुनाथ गाउँपालिकाको

# भू-उपयोग योजना २०८०

खार्पुनाथ गाँउपालिकाको कार्यलय याङ्चुबजार हुम्ला

स्विकृत मिति २०८१।०३।१०

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

विषयसूची खण्ड एक : आधार पत्र................................................................ १

१. पृष्ठभूमि.......................................................................................२

२. परिचय। .......................................................................................३

३ भू उपयोग सम्वन्धी विकासको समीक्षा ............................................................४

४. भू-उपयोग योजना तर्जुमा प्रक्रिया.................................................................५

५. विद्यमान स्थिति.................................................................................६

६. भूमि-कृषिको परिवेश.........................................................................७

७. स्थिति विश्लेषण................................................................................८

खण्ड दुई : भू-उपयोग सोंचपत्र .................................................. ९

१. दीर्घकालिन सोच ...............................................................................१०

.२. लक्ष्य ..........................................................................................११

३. उद्देश्य .........................................................................................१२

४. रणनीति र कार्यनीति ..........................................................................१३

.५. भू उपयोग योजनाको अपेक्षित उपलव्धी...................................................१४

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

खण्ड एक : आधार पत्र

१. पृष्ठभूमि नेपालको संविधानले किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व वढाउन भूउपयोग नीतिको अवलम्वन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने तथा भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने नीति लिएको छ। आन्तरिक बसाईसराई, अव्यवस्थित र बढदो शहरीकरण लगायतका कारणले कृषि योग्य जमिन, वन जंगल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक श्रोतहरुको अतिक्रमण हुन गई खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र दिगो विकासमा चुनौती देखा परेको र प्राकृतिक विपद र मानव सिर्जीत जोखिमको सुरक्षित र दिगो व्यवस्थापनलाई समेत ध्यानुदिनुपर्ने आवश्यकता महसुस गर्दै योजना तर्जुमा गरिएको छ। संघ, प्रदेश र स्थानीय तहका सरकार संविधान कार्यान्वयनका लागि क्रियाशील छन् । तीनै तहका सरकारलाई संवैधानिक कार्यजिम्मेवारीका आधारमा समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार पार्नु हो ।

२. परिचय हुम्ला जिल्लाको सदरमुकाम देखि करिव १० कि.मि. पूर्वमा पर्ने साविकका लाली राया छिप्रा र खार्पुनाथ गाविसलाई समाहित गरी नेपाल सरकारले खार्पुनाथ गाउँपालिकाको स्थापना गरेको हो । यस गाउँपालिकालाई ५ वटा वडामा विभाजन गरि वडा नं. ५ खार्पुनाथ स्थित हिन्दुहरुको आस्थाको तिर्थस्थल खार्पुनाथको नामबाट खार्पुनाथ गाउँपालिका नामाकरण गरिएको छ ।

३ भू उपयोग सम्वन्धी विकासको समीक्षा भू उपयोग सम्वन्धी योजना र छुट्टै दस्तावेज नभए तापनि परापूर्व काल देखि खानी भएका ठाउँमा गाउँ भए तापनि गाउँ सारी खानी संचालन गर्नु, खेत बन्या जग्गामा घर भए पनि घर अन्यत्र सारी कुलो काटी खेत बनाउनु तथा आफ्नो ठाउँको जिन्सी, जडिबुटी देश(अन्यत्र) लगी नगद राख्नु । यसरी परम्परा देखि कृषि तथा आम्दानी हुने खालका काम गर्नुपर्छ भन्ने भनाईलाई आधार मानि भू उपयोग गरिएको पाइन्छ । यसलाई व्यवस्थित गर्ने क्रममा जग्गा नाप जांच ऐन बमोजिम भूमिलाई अव्वल,दोयम,सीम,चहार गरी चार भागमा वर्गीकरण गरिएको । भूमि सम्वन्धी ऐन,२०२१ ले जग्गाको वर्गीकरण गर्दा माटोको प्रकृति,उर्वरा शक्ति,देशको भौगोलिक स्थिति,वातावरण तथा जलवायु समेतलाई आधार लिने भनी उल्लेख गरेको । जग्गा नाप जांच नियमावली २०५८ आए पश्चात भूमिलाई कृषि र वसोवास तथा व्यवसायीक भनेको भने ततपश्चात राष्ट्रिय भू उपयोग नीति २०६९ ले भूमिलाई कृषि,आवासीय,व्यवसाय,औद्योगिक,वन,सार्वजनिक उपयोग र अन्य भनी वर्गीकरण गरी थप व्यवस्थित बनाएता पनि यसलाई पनि थप संशोधन गर्दै राष्ट्रिय भू उपयोग नीति २०७२ ले भूमिलाई विभिन्न १० प्रकारमा वर्गीकरण गरी सो अनुसार उपयोग गर्नुपर्ने विषयलाई जोड दिएको । उल्लेखित कुराहरुलाई आधार मानि पालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रमहरुमा भूमिलाई व्यवस्थित गर्ने कुराहरु उल्लेख गरी आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा व्यवसायिक क्षेत्र, आवासीय क्षेत्र, कृषि क्षेत्र र अन्य क्षेत्र भनी भूमिको वर्गीकरण गरी उपयोग गरिरहेको सन्दर्भमा हाल

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण वहादुर रावल
अध्यक्ष

विभिन्न दश वटा क्षेत्रमा विस्तृत रुपमा भूमिको वर्गीकरण गरी योजनावद्ध तरिकाले अगाडि बढने सोच अनुरुप भगवतीमाई गाउँपालिकाको भूमिको योजनाा २०८० तयार पारिएको छ ।

४. भू-उपयोग योजना तर्जुमा प्रक्रिया भगवतीमाई गाउँपालिकाको यो पहिलो भू(उपयोग योजना हो । भू(उपयोग योजना तर्जुमा गर्नको लागि विद्यमान अवस्था र गन्तव्य पहिचान गर्ने आधारभूत सूचनाहरू सङ्कलन गरिएको छ । भू-उपयोग योजना तर्जुमाको लागि आवश्यक भूस्वामित्व, भूमिको विद्यमान उपयोग, उत्पादन स्थिति र आवश्यकता, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको संरक्षण र उपयोग, सुरक्षित एवं व्यवस्थित वस्ती र पूर्वाधार विकास आदि विषयहरू समेटिएका छन्। भू-उपयोग योजनामा भूमिलाई १० क्षेत्रमा वर्गीकरण गरि भू-उपयोग ऐन, २०७६ मा व्यवस्था छ । साथै नियमावली २०७९ ले पनि यही व्यवस्थालाई विस्तृतीकरण गरेको छ । जसअर्न्तगत कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, नदी, ताल, तथा सीमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, खानी तथा खनिज क्षेत्र र अन्य । यस गाउँपालिकाको भूमिको वर्गीकरण यस अघि नै केन्द्रीय नापी विभागले गरिसकेको छ । जसलाई हालको विद्यमान अवस्थालाई हेरेर अद्यावधिक गर्ने काम यो योजनाले गर्नेछ ।

५. विद्यमान स्थिति क.जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल १८,२०६ जनसङ्ख्या रहेका छन । जसमा पुरुष ९०१७ र महिला ९,१८९ छन । यस्तै ३५५० घरधुरी छ भने पुरुष साक्षरता ८२.७ प्रतिशत र महिला साक्षरता ६९.१ प्रतिशत रहेको छ भने परिवारको औसत आकार ५.१३ रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तुलनामा २०७८ मा घरधुरी संख्या १९१ ले बढेको देखिन्छ भने जनसङ्ख्या ५७२ ले कमी आएको देखिन्छ । यसरी हेर्दा यस पालिकामा घरधुरी संख्या बढेता पनि जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ । यस गाउँपालिकाको जातजातिसम्बन्धी पार्श्वचित्रअनुसार पहाडी ब्राह्मण, छेत्री, ठकुरी , दलित र जनजातीहरुको बसोबास रहेको देखिन्छ ।

६ पूर्वाधार

- यस पालिकाका अधिकांश घरहरु (१०० प्रतिशत) माटो र टिनले ले छाएका छन्।

- गाउँपालिकाको भवन र वडा कार्यालय भवनहरु निर्माण गरि प्रशासनिक कार्यहरु सुचारु गरिएको छ ।

- यस गाउँपालिकाको ४ वडाहरुमा सामुदायिक विद्युतीकरण रहेकाले र १ वडामा विद्युत नभए पनि त्यहाँका घरपरिवारले सोलार, बाट लाभ लिएका छन्।

- यस गाउँपालिकामा १ ओटा प्रभुबैंक रहेको छ भने

१४ ओटा सहकारी संस्था रहेका छन ।

- यस गाउँपालिकामा एम्बुलेन्स सुविधा सहितको आधारभुत अस्पताल रहेको छ ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

▪ यस गाउँपालिकामा आधारभूत विद्यालय १२ वटा र ५, माध्यमिक विद्यालय गरी १७ वटा शैक्षिक संस्थाहरु रहेका छन्। ▪ सडक सञ्जालले यस पालिकाको ३ वडाहरूलाई छोएको छ । बाह्रै महिना सडक सञ्चालन हुने

६. भूमि-कृषिको परिवेश मानिसका लागि भूमि अर्थात धर्तीको ठूलो महत्व छ। हरेक मानिसहरूले आफ्नो जीवन धान्नको लागि कृषि उपज नै खाने हो । अन्न र मानव जीवनको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यसैले अनाज (अन्न) उत्पादनको मुख्य कार्य कृषि र यसको आधार भूमि नै हो । यसैले भूमिको उचित संरक्षण आजको टड्कारो आवश्यकता हो । मानिसहरूले जति पनि आर्थिक क्रियाकलापहरू गर्दछन्ती सबै गरि आधार भनेको भूमि नै हो । कृषि र मानिसको सम्बन्ध मानव आदिकाल देखि नै जोडिँदै आएको छ । जव मानिसहरूले बाँच्नको लागि सङ्घर्ष

गर्न थाले त्यसदेखि यता उनीहरूले कृषि उत्पदानसँग विशेष साइनो राख्दै आए । त्यसैले भूमि-कृषिको सवाल भूमिहीन र किसानहरूको मात्र नभई आम नागरिकको चासोको विषय हो । यस गाउँपालिकामा कृषियोग्य भूमि अत्यन्त कम छ । कृषकहरू पहिले स्थानीय बीउ प्रयोग गरि खेती गर्दथे । आजकल स्थानीय बीउले कम उत्पादन दिन थालेपछि आयातित बीउ किनेर पाइने भएकाले उक्त बीउले खेतीपातीमा कव्जा जमाएको छ । पहिले पहिले हुने स्थानीय उत्पादनहरू अहिले क्रमशः लोप हुँदै गएको छ । किसानले अझ बढी धान तथा तरकारी फलाउने नाममा हाइब्रिड बीउ, विषादी र मलहरूको प्रयोग गर्न थालेका छन्। गाउँ घरमा स्थानीय जातको बीउबिजन समेत राख्ने चलन हराउँदै गएको छ । किसानहरू भन्छन् हाइब्रिड बीउबाट फलाइएको खेती धेरै फलेको देखिएता पनि भूमिको उत्पादकत्वमा ह्रास आएको पाइन्छ । कुनै एक किसानले स्थानीय बीउ रोपे भने पनि नजिकै अर्कोले हाईब्रिड रोपिदियो भने त्यसले स्थानीय बीउमार्फत गरिएको खेतीमा विभिन्न थरीका रोगहरू लाग्छ, उत्पादन कम हुन्छ । यहाँ रहेको अधिकांश भूमिमा खेतीपाती भएको छ । मानिसहरूले मुख्य गरि धान, मकै, गहुँ र कोदोखेती गर्छन्। आजकल युरिया मल र विषादीहरुको प्रयोग खेतीपातीमा धेरै हुन थालेको छ । यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश परिवारले आफ्नै भूमिको उत्पादन खाने गरेका छन्। यहाँका

अधिकांश मानिसहरु आफ्नो जीविकोपार्जन सहज बनाउनको लागि भारतलगायत वैदेशिक रोजगारीमा गएका छन् । भूमिहीन र कम जमिन भएकाहरू आफ्नो उत्पादनले खान नपुग्नेहरू कृषि मजदूरी र ज्यालादारी गर्छन्।

७. स्थिति विश्लेषण

▪ यहाँ रहेको घना जङ्गल फँडानी गरि बसोबास सुरुवात गरेको भू-भागमा मानिसहरूको बसोबासकाल देखि नै कृषि खेतीपातीको सुरुवात गरेको र त्यसैबाट नै जीविकोपार्जन गर्दै आएको पाइन्छ र अहिले पनि अधिकांश मानिसहरू कृषि खेतीपाती नै गर्छन्।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

▪ राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल ६६०० जनसङ्ख्या रहेको छ। जसमा पुरुष ३२०० र महिला ३४०० रहेका छन । यस्तै १३७६ घरधुरी छ भने पुरुष साक्षरता ९५ प्रतिशत र महिला साक्षरता ९१ प्रतिशत रहेको छ भने परिवारको औसत आकार ५.१३ रहेको छ ।

▪ राष्ट्रिय जनगणना २०६८ को तुलनामा २०७८ मा घरधुरी संख्या ८१ ले बढेको देखिन्छ भने जनसङ्ख्या २०० ले वृद्दी आएको देखिन्छ । यसरी हेर्दा यस पालिकामा घरधुरी संख्या बढेता पनि जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ ।

▪ भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७७ र राष्ट्रिय भूमि आयोग २०७८ मा पेश भए अनुसारका भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान भएमा मौलिक हकको कार्यान्वयन हुनुका साथै व्यवस्थित बसोबासका हुने थियो ।

▪ गाउँपालिकामा ठूला उद्योगधन्दाहरू नभए पनि केही साना तथा मझौला उद्योगहरू रहेका छन । यसकारण यो गाउँपालिकाको मुख्य आर्थिक मेरुदण्ड भनेकै कृषि र पशुपालन रहेको छ ।

▪ केही महिला साथै अधिकांश पुरुषहरू बैदेशिक रोजगारीका लागि विभिन्न देश तथा छिमेकी देश भारतको विभिन्न राज्यमा रोजगारीको लागि जाने गरेका छन् । जसबाट हुने आम्दानीले जीविकोपार्जन टार्छन्।

▪ यस पालिकाको अधिकांश भूगोल कृषि उत्पादनको हिसावले उपयोगी र भिरालो खालको छ । पर्याप्त सिँचाइको सुविधा छैन । यदि सिँचाइको उचित व्यवस्थापन गर्न सकेको खण्डमा उत्पादन बढ्ने देखिन्छ ।

▪ सार्वजनिक जग्गाको संरक्षण समयमै गरि भविष्यमा पूर्वाधार विकासमा भूमिमा हुने मागको व्यवस्थापन गर्न सहजता हुने देखिन्छ ।

▪ केही महिला साथै अधिकांश पुरुषहरू वैदेशिक रोजगारीका लागि विभिन्न देश तथा छिमेकी देश

भारतको विभिन्न राज्यमा मौसमी रोजगारीको लागि जाने गरेका छन्। जसबाट हुने आम्दानीले जीविकोपार्जन टार्छन्।

▪ वनक्षेत्र काठ दाउरा एवं पशुपालनका लागि मात्र आवश्यक नभई वातावरण एवं जैविक विविधताको संरक्षण गर्न र प्राकृतिक सन्तुलन कायम गरि बाढी पहिरो जस्ता विपद्हरूको सामना गर्न पनि आवश्यक छ । पालिकामा ठूला तथा साना खहरे खोलाहरूबाट भूक्षय र जमिन कटान गरेको देखिन्छ । ▪ वडाका विभिन्न स्थानमा सार्वजनिक क्षेत्रका उपयोगविहीन खाली जमिनहरू रहेका छन्, यसलाई पालिकाले उपयोग गरि आम्दानी वृद्धि गर्न तर्फ लाग्नु पर्छ ।

▪ विभिन्न वडाहरूमा पर्यटकीय स्थानहरू रहेका छन्, यिनको विकास र प्रवर्धन गरेमा मनग्य आम्दानी हुने देखिन्छ ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

▪ सार्वजनिक जग्गाको संरक्षण समयमै गरि भविष्यमा पूर्वाधार विकासमा भूमिमा हुने मागको व्यवस्थापन गर्न सहजता हुने देखिन्छ ।

▪ पालिकाले हालसम्म जारी गरेका २४ वटा ऐन, ९ वटा नियमावली, १७ वटा कार्यविधि, निर्देशिका तथा मापदण्ड, स्वास्थ्य तथा सरसफाई नीति, राजस्व सुधार योजना,२०७७, आवधिक योजना (२०७६/७७ - २०८०/८१), , क्षमता विकास योजना लगायत प्रस्तावित भूमि वर्गीकरण मापदण्ड र भू उपयोग योजनालाई व्यवहारमा कार्यान्वयनमा ल्याएमा व्यवसायिक कृषि, पशुपालन र पूर्वाधार,समृद्ध भगवतीमाई गाउँपालिकाको आधार भन्ने नाराले सफलता प्राप्त गर्नेछ ।

१. दीर्घकालिन सोच खार्पुनाथ गाउँपालिकाले ***खार्पूनाथ गाँउपालिकाको समृद्धिको आधार—कृषि, जडिबूटी, पर्यटन र पूर्वाधार "*** " भन्ने नारा गराई आफ्ना सम्पूर्ण योजना, नीति तथा कार्यक्रमहरु तय गरेको सर्न्दभमा यस भू उपयोग योजनाको समेत उल्लेखित नारामा सहयोग पुर्‍याउनका लागि निम्नानुसार दीर्घकालीन सोच लिएको छ : " भूमिको उपयोग,व्यवस्थापन र लाभ, समृद्धिको आधार "

२. लक्ष्य भूमि व्यवस्थालाई पालिकाको समृद्धिको आधार बनाउने ।

३. उद्देश्य

- भूमिको समुचित उपयोग मार्फत अधिकतम लाभ लिनु ।
- गाउँपालिका भित्रको भूमि र भूमि स्रोतको पहिचान, अभिलेख र अद्यावधिक गर्नु ।
- जग्गाको वर्गीकरण अनुरुप भू-उपयोग कार्यान्वयन गर्नु ।
- भूमि व्यवस्थालाई आधुनिक, प्रविधियुक्त, सरल र पारदर्शी बनाउनु ।

४. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| भू-उपयोग मापदण्ड बमोजिम भूमिको उपयोगको सुनिश्चित गरी उत्पादन वृद्धि गरिनेछ । | १. भू-उपयोग मापदण्ड बमोजिम आवश्यक नक्सा डाटा तयार गर्ने ।<br>२ . भू-उपयोग योजनाको कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने ।<br>३. जग्गा बाँझो नराख्न उत्प्रेरित गर्ने ।<br>४ जोखिमयुक्त क्षेत्रमा रहेका, अव्यवस्थित र छरिएर रहेका बस्तीको एकीकृत वस्ती विकासका लागि आवश्यकता अनुसारका कार्यक्रमहरु अवलम्बन गर्ने ।<br>५. कृषियोग्य जग्गा कृषि प्रयोजनमा प्रोत्साहन र अन्य प्रयोजनमा निषेध गर्ने । |
| भूमिहिन दलित, कृषक,सुकुम्वासी, मोही | १. भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थित बसोबास र जीविकोपार्जनको कार्यक्रम संचालन गर्ने । |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | |
|---|---|
| तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुंच सुनिश्चित गरिनेछ । | २. भूमि माथि महिलाको अधिकार र नियन्त्रणको अवस्थालाई सुधार गर्ने ।<br>३ भूमिहिन दलितलाई आवास प्रयोजनका लागि एक पटक जग्गा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्ने ।<br>४ ठूलो परिमाणमा कृषि उत्पादन गर्न भूमि बैंकको अवधारणा अनुरुप सहकारी संस्था समेत परिचालन गरी कार्यान्वयन गर्ने । |
| भूमिको समुचित उपयोग गरिनेछ । | १. समुचित उपयोगका लागि भूमिको वर्गीकरण गर्ने ।<br>२ कम प्रयोग भएको वा दोहन भएको जमिनको अभिलेख राखी उच्चत्तम प्रयोगमा ल्याउने।<br>३ विकास निर्माणमा पूर्वाधारको लागि उपयुक्त जमिन पहिचान, संरक्षण र दिगो उपयोग गर्ने ।<br>४. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।<br>५. जोखिम क्षेत्रको पहिचान र संरक्षण गर्ने । ६. मानव सिर्जित जोखिम निरुत्साहन र जलवायुमैत्री क्रियाकलापलाई प्रोत्साहित गर्ने । |
| आधुनिक प्रविधिमा आधारित भूमि सम्वन्धी अभिलेखहरुको व्यवस्थित भण्डारण गरी जग्गा प्रशासन सेवा सरल,सहज,विश्वसनीय बनाउने | १ भूमिको वर्गीकरण गरिय अनुरुप नक्सा तथा कित्ताहरुलाई डिजिटाइलेजशन गरी राख्ने।<br>२ जग्गाको कित्ता काटको सिफारिस दिँदा नापी तथा मालमोत कार्यालय संग समन्वय गरी फरक नपर्ने गरी सेवा प्रवाह प्रभावकारी बनाउने।<br>३ नागरिकलाई सहज तथा सरल ढंगले सेवा प्रवाह गर्न भू-सेवा केन्द्रको कार्यसंचालन गर्नका लागि मालपोत कार्यालयसंग आवश्यक समन्वय गर्ने । |

५. भू- उपयोग योजनाको अपेक्षित उपलब्धी

✓ यस गाउँपालिका कृषिमा आत्मनिर्भर हुनेछ ।

✓ बसाई सराईको दर कम हुनेछ ।

✓ बाँझो रहेको र खेर गएको जमिनहरूको पनि उपयोग हुनेछ ।

✓ पालिकाबासी खाद्यान्नमा आत्मनिर्भर भएको हुनेछन्।

✓ कृषि, पशुपालन, स्वरोजगारी व्यवसायहरू सञ्चालन र औद्योगिक बिकास गरि पालिकाबासीको आर्थिक अवस्था सुधार हुनेछ ।

✓ भूमिसम्बन्धी कुनै पनि खालका समस्याहरू बाँकी रहने छैनन्।

✓ भूमिको खण्डीकरण नभई चक्लाबन्दी हुनेछ ।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

✓ पालिकामा निवेदन पेश गरेका भूमिहीनको जग्गा दर्ता भई लालपुर्जा पाइसक्ने छन्।

✓ अव्यवस्थित बसोबासीको समस्या समाधान हुनेछ र सबै परिवारसँग कानुनी स्वामित्व ( लालपुर्जा) हुनेछ ।

✓ भू-उपयोग ऐन २०७६ र नियमावली २०७९ अनुसार भू-उपयोग योजना तयार भई भूमिको वर्गीकरणलाई कार्यान्वयन गरि भूमिको उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेछ ।

✓ भूमिको दिगो उपयोग हुनेछ । महिला र पुरुषको बराबरी स्वामित्वमा भू-स्वामित्वहरू दर्ता हुनेछन् ।

✓ महिला किसान पनि सम्पत्तिको मालिक हुनेछन्।

✓ कृषि खेतीपातीको लागि आधुनिक प्रविधियुक्त सिँचाइ र खानेपानीको लागि वैकल्पिक व्यवस्थापन भएको हुनेछ ।

✓ पालिका क्षेत्रभित्रको वस्तीहरू व्यवस्थित र एकीकृत प्रकारका हुनेछन्।

✓ खाली जमिनहरूको संरक्षण हुनेछन्, खेती गर्न मिल्ने जमिनमा कृषि उत्पादन बढ्नेछ ।

✓ कृषियोग्य जग्गा किसानको अधीनमा हुनेछ भने खेती नगर्नेहरूले आफ्नो खेती पालिकाको भूमि बैंकमा राख्नेछन्।

✓ मानवीय संस्थालाई ध्यान दिई खाद्य उत्पादनहरु अर्गानिक हुनेछन्।

✓ सबै मानिसहरू रोजगारीमा सहभागी भएका हुनेछन्।

✓ मानिसहरू स्वरोजगार तर्फ अझ बढी सहभागी हुनेछन्।

✓ आवादी क्षेत्रहरू बढ्नेछन्। विकास र पूर्वाधाहरूको पर्याप्त विकास र व्यवस्थापन भएको हुनेछ । ✓ शिक्षा र स्वास्थ्य सर्वशुलभ हुनेछ,

✓ गाउँघरमा पुगेका सबै सडकहरू पक्की र कालेपत्रे भएका हुनेछ ।

✓ मानिसहरूको आम्दानीको विविधीकरण हुनेछ ।

✓ कृषि पेसामा निर्भर मानिसहरू क्रमशः वैकल्पिक पेसामा पनि लाग्नेछन्र व्यवसायिक हुनेछन्।

✓ आवादी क्षेत्रहरू बढ्नेछन्।

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

✓ विकास र पूर्वाधाहरूको पर्याप्त विकास र व्यवस्थापन भएको हुनेछ ।

खण्ड तीन : भू-उपयोग योजना १.कार्ययोजना

खार्पुनाथ गाउँपालिकाको उल्लेखित दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि अवलम्वन गरिने कार्यनीतिहरू निम्नानुसार छन -

तालिका ३ : कार्ययोजना

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवार निकाय | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| भुमि अभिलेख आवद्यिक र संरक्षण | पालिका तहको औपचारिक जग्गाको अभिलेख अद्यावधिक तयार गर्ने पालिका नाप नक्सा नापी छुट भएका जग्गाहरूको नापी गर्ने | पालकिा | | | | | |
| | पालिका पालिका तहको औपचारिक र अनौपचारिक जग्गाको अभिलेख आवधिक गर्ने | पालकिा | | | | | |
| | पालिका प्राकृतिक स्रोत जस्तै : पानीको मुहान, खनिज क्षेत्र, नदी, ताल, पोखरी र धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विवरण अद्यावधिक गर्ने | पालकिा | | | | | |
| | पालिका नाप नक्सा नापी छुट भएका जग्गाहरूको नापी गर्ने | वडा अनुसार | | | | | |
| नक्सा पास | सरकारी तथा सार्वजनिक जमीनको भोग चलनमा रहेको जग्गाको नापी गर्ने र नेपाल सरकार कायम गरी सम्बन्धित संस्थाको नाममा नापी गरी श्रेस्ता कायम गर्न | पालिका | | | | | |
| सरकारी वा सार्वजनिक लगत कट्टा | नदी एवं खोलाहरूको वहाव क्षेत्र तथा क्षेत्राधिकार रेखाङ्कन गरी सार्वजनिक दर्ता गर्ने | पालिका | | | | | |
| | नाप नक्सा नियन्त्रण विन्दुको क्षेत्र तथा क्षेत्राधिकार भित्र पर्ने जमिनको लगत कट्टा गर्ने | पालिका | | | | | |
| | मन्दिर, चर्च तथा सार्वजनिक भवनहरू रहेको जग्गाको नापी गरी लगत कट्टा गर्ने | पालिका | | | | | |
| भूमिको वर्गीकरण र कार्यान्वयन | भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गरी भूमिको वर्गीकरण गन | पालिका | | | | | |
| | वर्गीकरण लागू भएको सूचना जारी गर्ने | पालिका | | | | | |
| | वर्गीकरण अभिलेख अद्यावधिक गर्न मालपोत तथा नापी कार्यालयमा पठाउने । | पालिका | | | | | |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तीयोग्य जग्गा बाँझो राख्नेलाई जरिवाना गर्ने । | पालिका | | | | | |
| | e-उपयोग योजना वर्गीकरणमा परेको भन्दा फरक ढंगले उपयोग गर्नेलाई कार्वाही गर्ने । | पालिका | | | | | |
| भूमि स्रोत संरक्षण | पालिकाभित्रका भूमि स्रोतहरू, नदी, खोला, पोखरी, मुहानहरू, वन क्षेत्रले ओगटेको जमिन नाप जाँच गराई संरक्षण र सदुपयोग गर्ने । | पालिका | | | | | |
| | पालिकामा रहेका खहरे एवं ठाडा खोलाका दुवै किनारको रेखाङ्कन गर्ने र सार्वजनिक दर्ता गर्ने | पालिका | | | | | |
| | खोला किनारमा भूक्षय नियन्त्रणको लागि तटबन्ध गर्ने | पालिका | | | | | |
| | खोला, नदी तटवन्ध गरिएका तथा सडक किनारमा वृक्षरोपण गर्ने | पालिका | | | | | |
| | विभिन्न खोलाहरुले क्षति गरेको कृषियोग्य जमिनको एकिन विवरण लिने र त्यो क्षेत्रको संरक्षण गर्ने । त्यस्तो ठाउँमा थप बस्ती बस्न नदिने | पालिका | | | | | |
| भूमिहीन मुक्त कार्यक्रम | लगत सङ्कलन भएका पालिकाभित्र बसोबास गर्दै आएका भूमिहीनको विवरण अद्यावधिक गर्ने । | पालिका | | | | | |
| | पलिकाको १ देखी ७ वटै वडामा ऐलानी प्रति जग्गामा बसोबास गर्ने भूमिहीन सुकुम्बासीहरूको जग्गा नापी गरी दर्ता गर्ने । | पालिका | | | | | |
| | भूमिहिन तथा अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरण | पालिका | | | | | |
| व्यवस्थित बसोबासमा निजी क्षेत्र | बसोबासका लागि जग्गा किन्दा व्यवस्थित घडेरी किनेर घर बनाउने प्रवृत्तिलाई प्रोत्साहित गर्ने । | पालिका | | | | | |
| | आवासीय क्षेत्रमा मापदण्ड बमोजिम आवास गृहहरू निर्माण गरी बिक्री गर्न निजी क्षेत्रलाई स्वीकृती दिने । | पालिका | | | | | |
| पुर्वाधार विकासको लागि जमिनको व्यवस्थापन | स्थानीय तहमा फोहोरमैला ल्याण्डफिल्ड साईट, खुलाक्षेत्र, खेलमैदान, सभाहल, र भ्यु टावरको लागि उपयुक्त स्थान तोक्ने । | पालिका | | | | | |
| | स्थानीय तहमा फोहोरमैला ल्याण्डफिल्ड साईट, खुलाक्षेत्र, खेलमैदान, सभाहल, र भ्यु टावरको लागि उपयुक्त स्थान तोक्ने । | पालिका | | | | | |
| | आर्थिक पूर्वाधार बैकिङ्ग, बीमा, पुँजी बजार, गैर बैकिङ्ग वित्तीय क्षेत्र र सहकारी पालिका प्रवेश र स्थायित्वको लागि क्षेत्र निर्धारण गर्ने | पालिका | | | | | |

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वतावरण संरक्षण | जलवायु संकटापन्नता विश्लेषणका आधारमा जोखिम क्षेत्र पचिान र उपयुक्त योजना ( तटबन्ध, वृक्षारोपण, बस्ती स्थानान्तरण) तर्जुमा गर्ने । | पालिका | | | | | | |
| | साविकका पानीका मुहानहरूको संरक्षण गर्ने पालिका खाली क्षेत्रको पहिचान गरी वृक्षारोपण गर्न वातावरण हराभरा बनाउने । | पालिका | | | | | | |
| | ईन्धनको लागि जङ्गलमा निर्भर समुदायलाई सुधारिएको चुलो तथा गोवरग्याँस निर्माणमा अनुदान दिने । | पालिका | | | | | | |
| | | पालिका | | | | | | |
| भूमिको मापदण्ड तथा योजना सार्वजनिकीकरण तथा प्रचार प्रसार र भू उपयोग परिवर्तन । | कुनै विशेष कारणले भू -उपयोग क्षेत्र परिवर्तन गर्नु पर्ने भएमा प्रदेश भू- उपयोग परिषदमा लेखी पठाउने<br>वर्गीकरण तथा योजनाको प्रचार प्रसार तथा चेतनामूलक कार्यक्रम संचालन | पालकिा | | | | | | |

२. कार्यान्वयन यस योजनामा लक्षित गरिएका कार्यक्रमहरू स्थानीय तहले प्राथमिकता निर्धारण गरी आर्थिक क्षमताका आधारमा कार्यान्वयन गर्दै लैजाने छ । यसमा जिम्मेवार निकाय पालिका नै हुनेछ भने सहयोगी निकायको रुपमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय,राष्ट्रिय,अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरु, स्थानीय नागरिक लगायत सम्पूर्ण सरोकारवाला र अधिकारवालाहरुको भूमिका हुनेछ ।

३ सम्भावित जोखिमहरु उल्लेखित कार्ययोजना कार्यान्वयनका क्रममा निम्नानुसार जोखिमहरु समेत हुन सक्छन ।

१. स्रोत साधनको अप्रयाप्तता ।

२. उत्प्रेरित तथा दक्ष जनशक्तिको कमी ।

३. भूमिको वर्गीकरणमा स्थानीयबासीहरुको विवाद ।

४. वर्गीकरणका राजनैतिक तथा सामाजिक रुपमा स्वार्थको द्वन्द्व ।

५. सहयोगी निकायहरुको पूर्ण सहयोग र समन्वयको कमी ।

४. अनुगमन तथा मूल्याङ्कन यस योजनामा प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भए वा नभएको सुनिश्चित गर्न कार्य तालिका तयार गरि प्रगति प्रतिवेदनको माध्यमबाट नियमित अनुगमन र स्थलगतरूपमा भौतिक प्रगतिको अनुगमन गर्न कार्यान्वयनकै चरणमा कार्यस्थलमा

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष

नै पुगी सुधारात्मक उपायहरू अवलम्वन गर्न/गराउन एक अनुगमन टोलीको प्रबन्ध गर्ने । अनुगमन टोलीले अनुगमनका क्रममा देखेका सुधार गर्नुपर्ने विषयहरू तत्कालै सुधार गर्न लगाउने छ भने निर्णय गर्नुपर्ने विषयमा संस्थागत निर्णय लिइनेछ ।

- ५ सन्दर्भ सामग्रीहरू
- नेपालको संविधान
- पन्ध्रौ आवधिक योजना
- खर्पुनाथ गाउँपालिकाको आवधिक योजना
- सहभागितामूलक भू-उपयोग योजना तर्जुमासम्बन्धी स्रोत सामग्री, २०६८
- खार्पुनाथ गाउँपालिकाको पार्श्वचित्र
- भू-उपयोग ऐन, २०७६
- भू-उपयोग नियमावली २०७९
- भू-उपयोग नीति, २०७२
- नापी विभागद्धारा तयार गरिएको खार्पुनाथ  गाउँपालिकाका नक्सा एवं प्रतिवेदन
- स्थलगत फिल्ड अनुगमन

विष्णु बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर रावल
अध्यक्ष